नेपाल सरकार
गृह मन्त्रालय

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## धनकुटा

पत्र संख्या :- २०७९/०८०

[redacted]

प्रथम पटक प्रकाशित मिति :२०८०/०१/२८

यस कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जें जस्तो अवस्थामा छन् सोही अवस्थमा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपुर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले पन्ध्र औं(१५) दिन (मिति २०८०/०२/११) भित्र बोलपत्र खरिद गरी सोह्रौं(१६) दिन (मिति २०८०/०२/१२) मा दिनको १२:०० बजेसम्म यस कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गराउनु हुन आव्हान गरिएको छ ।

(१) लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण:

| क्र. सं. | लिलाम हुने सम्पत्ति तथा जिन्सी मालसामान | स्पेसिफिकेशन | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १. | काठ (परिमाण २६८.४३ क्यु.फि.) | सालको पुरानो चिरान काठ | २,०१,३२२।५० (अक्षरेपी दुई लाख एक हजार तीन सय बाइस रुपैयाँ पचास पैसा मात्र) (मु.अ.कर बाहेक) | |
| जम्मा कायम न्यूनतम मूल्य | | | २,०१,३२२।५०(मु.अ.कर बाहेक) | |

(२) इच्छुक बोलपत्रदाताले मिति २०८०/०२/११ गते सम्म कार्यालय- समयभित्र फिर्ता नहुने गरी रु. १,०००।-(एक हजार रुपैयाँ मात्र) रकम यस कार्यालयको लेखा शाखामा बुझाई दाखिला भौचर/रसिद सहित बोलपत्रदताको फर्मदर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रतिलिपी संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

(३) बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले सोह्रौं(१६) दिन (मिति २०८०/०२/१२) मा दिनको १२:०० बजेसम्म यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गरी सक्नुपर्नेछ ।

(४) कार्यालयमा रितपूर्वक दर्ता भएका बोलपत्रहरु मिति : २०८०/०२/१२ गते दिनको २:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

(५) बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफूले कबोल गरेको अंकको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, धनकुटाको नाममा राष्ट्रिय बाणिज्य बैंक लि. धनकुटा शाखामा रहेको धरौटी खाता नं. २०१०१००१०२०३०००० मा जम्मा गरी सोको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

(६ बोलपत्रमा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीको बोलपत्र स्वीकृत गरिनेछ ।

(७) लिलाम भएको मालसामान उठाउने पत्र प्राप्त भएको सात(७) दिनभित्र सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनीले कबोल अंकको रकम दाखिला गरी लिलाम भएको मालसामान उठाई लैजानु पर्नेछ, अन्यथा उक्त व्यक्ति, फर्म, संस्था वा कम्पनीले राखेको धरौटी जफत गरी दोस्रो अंक कबोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ ।

(८) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

(९) यस सम्बन्धी थप जानकारीका लागि यस कार्यालयको जिन्सी/लेखा शाखामा सम्पर्क राख्न सकिनेछ ।

निमित्त प्रमुख जिल्ला अधिकारी